मिति : २०७५।०२।३०

समय : विहान ७:४५ बजे

स्थान : पनौती न.पा. भवन

आज मिति २०७५ साल जेठ ३० गते बुधबारका दिन पनौती नगरपालिकाका प्रमुख श्री भीम न्यौपानेज्यूको अध्यक्षतामा पनौती नगर कार्यपालिकाको ३१ औं बैठक बस्यो, बैठकमा देहाय बमोजिमको उपस्थिति रहयो ।

उपस्थिति

| सि.नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री भिम न्यौपाने | प्रमुख | द.ख. |
| २ | श्री गिता बन्जारा | उप प्रमुख | द.ख. |
| ३ | श्री गुणनाथ सापकोटा | वडा अध्यक्ष वडा नं. १ | द.ख. |
| ४ | श्री पुरूषोत्तम अधिकारी | वडा अध्यक्ष वडा नं. २ | द.ख. |
| ५ | श्री बिष्णुप्रसाद सापकोटा | का.वा. वडा अध्यक्ष वडा नं. ३ | द.ख. |
| ६ | श्री बुद्धसिंह थापा | वडा अध्यक्ष वडा नं. ४ | द.ख. |
| ७ | श्री श्रीधर पाध्या कुईकेल | वडा अध्यक्ष वडा नं. ५ | द.ख. |
| ८ | श्री सुधिर सापकोटा | वडा अध्यक्ष वडा नं. ६ | द.ख. |
| ९ | श्री रामचन्द्र नास्नानी | वडा अध्यक्ष वडा नं. ७ | द.ख. |
| १० | श्री केशव बन्जारा | वडा अध्यक्ष वडा नं. ८ | द.ख. |
| ११ | श्री सहकुलकुमार हुमागाई | वडा अध्यक्ष वडा नं. ९ | द.ख. |
| १२ | श्री मोहनबहादुर भण्डारी | वडा अध्यक्ष वडा नं. १० | द.ख. |
| १३ | श्री तारामान लामा | वडा अध्यक्ष वडा नं. ११ | द.ख. |
| १४ | श्री इश्वरराज जंगम | वडा अध्यक्ष वडा नं. १२ | द.ख. |
| १५ | श्री चण्डिका परियार | न.का.पा.स. | द.ख. |
| १६ | श्री निला अधिकारी | न.का.पा.स. | द.ख. |
| १७ | श्री भवानी कार्की | न.का.पा.स. | द.ख. |
| १८ | श्री राधिका विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| १९ | श्री सिता श्रेष्ठ | न.का.पा.स. | द.ख. |
| २० | श्री केवल रम्तेल | न.का.पा.स. | द.ख. |
| २१ | श्री मदन विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| २२ | श्री रामकाजी पहरी | न.का.पा.स. | द.ख. |
| २३ | श्री ध्यानकुमार थापा | प्रमुख प्रशासकीय अधिकृत | द.ख. |
| २४ | श्री इन्द्रप्रसाद अधिकारी | बरिष्ठ प्रशासकीय अधिकृत | द.ख. |
| २५ | श्री केशव कर्माचार्य | खरिदार | द.ख. |

**प्रस्तावहरू**

१. विधेयक तथा कार्यविधि सम्बन्धमा ।

२. फरफारक सम्बन्धमा ।

३. रकमान्तर सम्बन्धमा।

४. तेस्रो नगर सभा सम्बन्धमा

५. नियमावली तथा कार्यविधि विद्यायन समितिमा पठाउने सम्बन्धमा ।

६. मर्मत संभार खर्च सम्बन्धमा

ध्यानकुमार थापा
प्रमुख प्रशासकीय अधिकृत

इन्द्रप्रसाद अधिकारी
बरिष्ठ प्रशासकीय अधिकृत

७. बौद्धिक समुह भेला सम्बन्धमा ।

८. विविध

निर्णयहरू

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा नगर कार्यपालिकाको मिति २०७५/०१/२५ को निर्णयानुसार विधायन समितिमा सैद्धान्तिक छलफल एवं सहमतिका लागि पठाइएका मध्ये निम्न विधेयक र कार्यविधिहरू स्वीकृत गरी विधेयकका हकमा पारितका लागि आगामी नगर सभामा पेश गर्ने निर्ण गरियो ।

निम्न :

१. प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७५ (नगर सभामा पेश गर्ने)

२. 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि

३. स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि

४. बाल संरक्षण सम्बन्धी

क) पनौती नगरपालिकामा बालश्रम अनुगमन प्रणाली स्थापनाका लागि निर्देशिका

ख) बाल संरक्षण समिति गठन एवं संचालन कार्यविधि

ग) बाल संरक्षण नीति

५. सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना

निर्णय प्रतिलिपी उतार

इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा पेश्की बेरूजु तथा योजना फरफारक समितिको मिति २०७५/०२/२८ र २९ गतेको निर्णयानुसार कार्य सम्पन्न भएका निम्न अनुसारको फरफारकका लागि पेश हुन आएका योजनाहरू फरफारक गरि बाँकी रकम सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम |
|---|---|---|---|
| १ | ठाडे खोला चुनढुङ्गा छिनाभञ्ज्याङ्ग मो. बा | २ | रू ५, ००,०००|- |
| २ | डिही पिपल बोट मोटर बाटो | ३ | रू २,००,०००|- |
| ३ | ग्रामोदय स्कूलदेखि नैकिन्टारसम्म बाटो स्तरोन्नती | ५ | रू १०,००,०००|- |
| ४ | धनेश्वर ढुङ्गे धारादेखि थापा टोलसम्म बाटो ढलान | ५ | रू ४,००,०००|- |
| ५ | पनौती बसपार्क सपिङ्ग कम्प्लेक्स पछाडि बनेपा पनौती सडकबाट ज्यालापाटी सडक जोड्ने सडक निर्माण | ४ | रू ५,००,०००|- |
| ६ | पमाडी टोलको रुद्रेश्वर महादेव मन्दिर जिर्णोद्धारका साथै प्राङ्गणमा ढुङ्गा छाप्ने कार्य | ७ | रू ३,००,०००|- |
| ७ | सेतीदेवी (कपालकोट) अधुरो पिकनिक स्पोट निर्माण कार्य | ७ | रू १०,००,०००|- |

| | | | |
|---|---|---|---|
| ८ | कपालकोट स्थित पुरानो ढुङ्गा साँघुदेखि साविक ८ को सिमाना बनस्थली स्कुल जाने चोकबाटो मर्मत तथा ढल निर्माण | ७ | रू ५,००,०००।- |
| ९ | लज्जावती शहीद पार्क निर्माण | ८ | रू १०,००,०००।- |
| १० | गैडाको बाटो हुँदै पूर्णको घरबाट वडा कार्यालयसम्मको सडक स्तर बृद्धि | ८ | रू २,००,०००।- |
| ११ | लज्जावती महाँकाल मार्ग ढल विस्तार कार्य | ८ | रू १०,००,०००।- |
| १२ | नौविसे देखि जाकिडोल हुँदै वि.पि. राजमार्गसम्मको सडक स्तर बृद्धि | ९ | रू १०,००,०००।- |
| १३ | नौविसे देखि राई गाउँ हुँदै वि.पि. राजमार्ग जाने सडक स्तर वृद्धि | ९ | रू १०,००,०००।- |
| १४ | पहरी घाट गोरेटोबाटो स्तरोन्नती ग्याबियन वाल समेत | १० | रू ४,००,०००।- |
| १५ | कमलादेवि मार्ग गरागाई टोल ढीकालीदेखि बसन्तनगर सम्मको बाँकी ट्र्याक खोली बाटो निर्माण | १० | रू ३,००,०००।- |
| १६ | भालेश्वर फुलबल चौर संरक्षण | १२ | रू २,००,०००।- |
| १७ | १२ नं. वडा कार्यालय भवन मर्मत कार्य | १२ | रू ४,५०,०००।- |

निर्णय प्रतिलिपि उतार
इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा सम्बन्धित वडाको सिफारिश समेतका आधारमा चालु आ.व. ०७४/७५ का लागि स्वीकृत निम्न योजनालाई देहाय बमोजिम संशोधन गरि नयाँ योजना कायम गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र.सं. | साविक योजनाको नाम | ठेगाना | विनियोजित रकम | संशोधन पछि कायम हुने योजनाको नाम र रकम |
|---|---|---|---|---|
| १ | साईधाम जाने मो.बा. पक्की नाली | पनौती-८ | रू.५,००,०००/- | ८ नं. वडा क्षेत्रका सडक ग्राभेलिङ एवं मर्मत रू. ५,००,०००/- |
| २ | छिरेखोल्सा अधुरो पुल निर्माण | पनौती-८ | रू.३,००,०००/- | दुग्धडेरीबाट देवीस्थान जाने सडक सुधार ग्राभेल र ह्यूम पाईप राख्ने कार्य रू. ३,००,०००/- |

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस नगरपालिकाको तेस्रो नगर सभा निम्न प्रस्ताव उपर छलफल गर्न ०७५ असार २७ गतेका दिन दिनको ११:०० देखि नगरपालिका हलमा संचालन गर्ने निर्णय गरियो ।

क) २०७५/७६ को नीति कार्यक्रम

ख) आ.व. ०७५/७६ मा पनौती न.पा. को कर तथा दस्तुर लगाउने उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको अर्थ विधेयक, २०७५

ग) आ.व. ०७५/७६ का लागि पनौती नगरपालिकाको बजेट बाँडफाँडका सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधेयक, २०७५

घ) न्यायिक समितिले उजुरी कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

ङ) प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७५

च) आ.व. ०७५/७६ को आय व्यय/बजेट

छ) जनशक्ति विकास योजना

ज) विविध :

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस नगरपालिकाका लागि देहायका नमूना नियमावली एवं कार्यविधिहरू आवश्यक छलफलका लागि विधायन समितिमा पठाउने निर्णय गरियो ।

१. कार्य सम्पादन नियमावली, २०७५

२. FM Radio ( व्यवस्थापन तथा संचालन) कार्यविधि, २०७५

३. नगर शिक्षा समिति कार्यविधि, २०७५

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा मर्मत संभार खर्च शिर्षकमा विनियोजित बजेटबाट तत्काल मर्मत संभार नगरि नहुनेका हकमा उक्त बजेट अपुग हुन आएकोले सो शिर्षकमा भैपरी आउने पूँजीगत खर्च शिर्षकबाट रू. १०( दश) लाख सार्ने निर्णय गरियो ।

७. यस नगरपालिकाको आगामी वर्षको नीति योजना तथा कार्यक्रम तर्जुमा समेतमा सहयोग पुऱ्याउने उद्देश्यले वडागतरूपमा रहनुभएका क्षेत्रगत विज्ञता हासिल गरेका महानुभावहरूको यही २०७५ असार १६ गते शनिवारका दिन नगरपालिका हलमा बौद्धिक समूह भेलाको आयोजना गर्ने निर्णय गरियो ।